ने.रा.बैंक/इ.प्रा./'घ' ४७/०७३/०७४ दर्ता नं.: १४७९५१/७२/०७३

# आशा लघुवित्त वित्तीय संस्था लि.
# Asha Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

प.सं.च.नं. ४२८/०७९/८० मिति: २०८०/०३/२४

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, ककनी-६, नुवाकोट

विषय : जानकारी सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्वन्धमा, यस आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गर्ने विषयमा नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागको पत्र संख्या : बै.वि.नि.वि./मर्जर/७६/०७९/८० को मिति २०८०/०३/२२ गतेको अन्तिम स्वीकृति पत्र यसै पत्र साथ संलग्न गरीएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं ।

धन्यवाद !

भवदीय,

......................
बद्री प्रसाद दुलाल
कम्पनी सचिव/प्रमुख कार्यकारी अधिकृत

बोधार्थ :
श्री नेपाल धितोपत्र बोर्ड खुमलटार, ललितपुर ।
श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग, वालुवाटार, काठमाडौं ।
श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, वालुवाटार, काठमाडौं ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.पुतलीसडक, काठमाडौं ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
श्री प्रभु क्यापिटल लि.कमलादी, काठमाडौं ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
एक्सचेन्ज : ४४१९८०४/५/७
४४१०२०१/४१०१५८/४११२५०।
फ्याक्स : ४४१४५५२
E-mail : merger@nrb.org.np
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र दर्ता नं. : ६८४१
दर्ता मिति : ३।२२
दर्ता गर्ने कार्यालय/विभाग : का.से.

**पत्र संख्या : बै.वि.नि.वि./मर्जर/७६/०७९/८०** **मिति : २०८०/०३/२२**

**श्री आशा लघुवित्त वित्तीय संस्था लिमिटेड**
**ककनी गाउँपालिका-०६, नुवाकोट**

**श्री राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड**
**बनेपा न.पा.-१३, सांगा, काभ्रेपलाञ्चोक**

विषय : **प्राप्ति (एक्विजिशन) प्रयोजनका लागि अन्तिम स्वीकृति प्रदान गरिएको सम्बन्धमा।**

महाशय,

यस बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रियस्तरका **आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई** प्राप्ति गर्ने सैद्धान्तिक सहमति प्रदान गर्दा तोकिएका शर्त तथा प्रक्रियाहरु पुरा गरी अन्तिम स्वीकृतिको लागि निवेदन प्राप्त हुन आएकोले "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३" को दफा ७३ र "बैंक तथा वित्तीय संस्था गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (पाँचौं संशोधन, २०७९)" को विनियम ११ मा भएको व्यवस्था अनुसार प्राप्ति (एक्विजिशन) पश्चात् **"घ" वर्गको राष्ट्रियस्तरको आशा लघुवित्त वित्तीय संस्था लिमिटेड**को नामबाट वित्तीय कारोबार सञ्चालन हुने गरी देहायका शर्तहरू सहित अन्तिम स्वीकृति प्रदान गरिएको व्यहोरा निर्णयानुसार अनुरोध छ।

**शर्तहरु :**

(१) "बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (पाँचौं संशोधन, २०७९)", प्रचलित कानून तथा यस बैंकबाट जारी एकीकृत निर्देशन लगायत अन्य नीति निर्देशनहरूको पूर्ण पालना गरी वित्तीय कारोबार सञ्चालन गर्नु पर्नेछ।

(२) लक्षित र प्राप्ति गर्ने (एक्वायरर) दुवै संस्थाले आ-आफ्नो साधारण सभाबाट निर्णय गरे बमोजिम **आशा लघुवित्त वित्तीय संस्था लिमिटेड र राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड**बीच कायम हुने **शेयर स्वाप अनुपात १:१** अनुसार शेयर पुँजी मिलान गर्नु पर्नेछ।

(३) धितोपत्र सम्बन्धी ऐन, नियमावली र प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम प्राप्ति (एक्विजिशन) पश्चात् कायम हुने शेयरको सूचीकरण गर्नु पर्नेछ। शेयर स्वाप अनुपातको आधारमा तय हुने शेयरलाई साविकका दुवै संस्थाका सम्पूर्ण शेयरधनीहरूले प्राप्ति (एक्विजिशन) पश्चात् कायम हुने संस्था **आशा लघुवित्त वित्तीय संस्था लिमिटेड**को नामबाट कारोबार गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(४) प्राप्ति (एक्विजिशन) पश्चात् संस्थाको केन्द्रीय कार्यालय **बनेपा नगरपालिका वडा नं.-१३, काभ्रेपलाञ्चोकमा** रहनेछ।

नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
(एक्सचेन्ज : ४४१९८०४/५/७
४४१०२०१/४१०१५८/४११२५०)
फ्याक्स : ४४१४५५२
E-mail : merger@nrb.org.np
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

(५) प्राप्ति गर्ने संस्था (एक्वायरर) तथा लक्षित संस्थाको कुनै शाखा कार्यालय अर्कोमा गाभ्नु परेमा वा अन्यत्र स्थानान्तरण गर्नु परेमा सोको आवश्यकता तथा औचित्य खुलाई स्वीकृतिको लागि यस बैंकमा पेश गर्नु पर्नेछ ।

(६) प्राप्ति (एक्विजिशन) सम्बन्धी स्वीकृति प्राप्त भएपछि दुवै संस्थाले एकीकृत कारोबार थालनी गर्ने मिति खुलेको व्यहोरा सहितको सूचना सर्वसाधारणको जानकारीका लागि निर्णय प्राप्त गरेको मितिले **१५ (पन्ध्र)** दिन भित्र कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा २ (दुई) पटक प्रकाशन गर्नु पर्नेछ ।

(७) यस बैंकबाट अन्तिम स्वीकृतिको पत्र प्राप्त गरेको **१ (एक) महिनाभित्र** लक्षित संस्थालाई प्राप्ति (एक्विजिशन) गरी एकीकृत रुपमा वित्तीय कारोबार शुरु गरिसक्नु पर्नेछ । सो अवधिभित्र दुवै संस्थाका तथ्याङ्कलाई एकीकृत गरी प्राप्ति (एक्विजिशन) गरेको दिनदेखि एउटै सफ्टवेयरबाट वित्तीय कारोबार गर्ने व्यवस्था मिलाउनु पर्नेछ । साथै, प्राप्ति (एक्विजिशन) पछि एकीकृत वित्तीय विवरणहरू तयार गरी (प्राप्ति गरेको दिनको समेत) बैंक तथा वित्तीय संस्था नियमन विभाग तथा सम्बन्धित सुपरिवेक्षण विभागका साथै कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायत अन्य सम्बन्धित निकायहरूलाई जानकारी दिनु पर्नेछ ।

(८) लक्षित संस्थाको नाममा कायम रहेको वित्तीय कारोबार गर्ने इजाजतपत्रलाई रद्द गरी प्राप्ति गर्ने संस्था (एक्वायरर) को इजाजतपत्रमा आवश्यक संशोधन गर्नुपर्ने भएकोले एकीकृत कारोबार गर्नु पूर्व दुवै संस्थाको सक्कल इजाजतपत्रहरू यस बैंक समक्ष पेश गर्नु पर्नेछ ।

(९) लक्षित संस्थाको अन्तिम दिनसम्म कायम रहेको लेखामा उल्लेख भएको मूल्यमा सम्पूर्ण सम्पत्ति, दायित्व तथा अन्य सम्भावित दायित्वहरू समायोजन गरी प्राप्ति गर्ने संस्था (एक्वायरर) को हिसाबमा लेखाङ्कन गर्नुपर्नेछ । यसपछि प्राप्ति गर्ने तथा लक्षित दुवै संस्थाबाट भए गरेका काम कारबाहीहरू प्राप्ति गरे पश्चात् कायम हुने संस्था (एक्वायरर) बाट भए/गरेको मानिनेछ । साविकका दुवै संस्थाले प्राप्ति अघि गरेका करारीय दायित्व समेत प्राप्ति गर्ने संस्थामा सर्नेछ ।

(१०) प्राप्ति (एक्विजिशन) पश्चात् शाखा कार्यालयहरूको कोडिङ्ग गर्ने सम्बन्धमा यस बैंकको सूचना प्रविधि विभागसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(११) प्राप्ति (एक्विजिशन) कार्य सम्पन्न गरेको मितिले एक वर्षसम्म प्राप्ति गर्ने संस्था (एक्वायरर) को साइनबोर्ड तथा लेटरप्याडको तल्लो भागमा **"आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरेको"** भन्ने व्यहोरा उल्लेख गर्नुपर्नेछ । साथै, यस भन्दा अगाडि, एक वर्षभित्र कुनै संस्थासँग मर्जर वा कुनै संस्थालाई प्राप्ति गरेको अवस्थामा उक्त संस्थाहरूको नाम समेत समावेश गर्नु पर्नेछ ।

(१२) प्राप्ति (एक्विजिशन) पछिको पहिलो वार्षिक साधारण सभाबाट बैंकको प्रवन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गरी निर्वाचनको माध्यमबाट सञ्चालकहरु नियुक्त हुने व्यवस्था गर्नु पर्नेछ ।

(१३) प्राप्ति गर्ने संस्था (एक्वायर) तथा लक्षित संस्थाका कर्मचारीहरूको हकमा निजहरुले साविकमा खाईपाई आएको **तलब, भत्ता, सुविधा तथा सेवाका शर्तहरू नघट्ने गरी** कर्मचारी सेवा विनियमावली लगायत अन्य आवश्यक संशोधन गरी स्वीकृतिका लागि यस बैंकमा पेश गर्नु पर्नेछ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
(एक्सचेन्ज : ४४१९८०४/५/७
४४१०२०१/४१०१५८/४११२५०)
फ्याक्स : ४४१४५५२
E-mail : merger@nrb.org.np
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(१४) प्राप्ति गर्ने क्रममा दुवै संस्थाबीच निर्धारित शेयर स्वाप अनुपात अनुसार पुँजी मिलान गर्दा आएको बार्गेन पर्चेज गेनलाई प्राप्ति गर्ने संस्थाले विद्यमान लेखामानअनुसार सम्बन्धित शीर्षकमा आम्दानी जनाई नियमानुसार लाग्ने कर कट्टी गरी पूँजीगत जगेडा कोषमा जम्मा गर्नु पर्नेछ ।

(१५) लक्षित संस्थालाई यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागबाट साविकमा दिइएका सबै निर्देशनहरूको सुधार तथा कार्यान्वयन प्राप्त गर्ने संस्था (एक्वायरर) बाट तोकिएकै समयभित्र गर्नु पर्नेछ ।

(१६) प्राप्ति (एक्विजिशन) सम्बन्धी बाँकी काम कारवाहीहरू बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ (पाँचौं संशोधन, २०७९) बमोजिम गर्नु पर्नेछ ।

भवदीय,

(डा. गुणाकर भट्ट)
कार्यकारी निर्देशक

**बोधार्थ** :
श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग ।
श्री नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग ।
श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
श्री नेपाल राष्ट्र बैंक, मौद्रिक व्यवस्थापन विभाग ।
श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभाग ।
श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
श्री नेपाल राष्ट्र बैंक, सूचना प्रविधि विभाग ।
श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं ।
श्री नेपाल सरकार, अर्थ मन्त्रालय (वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा), सिंहदरबार, काठमाडौं ।
श्री नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरबारप्लाजा, काठमाडौं ।
श्री नेपाल लघुवित्त बैंकर्स संघ, भगवति बहाल, नक्साल, काठमाडौं ।